## मिति २०७९।०९।२२ गते बसेको विहादी गाउँकार्यपालिका बैठकको निर्णयहरु

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णयहरु :**

**निर्णय नं. १ :** विहादी गाउँपालिका ४ नं. वडा कार्यालयको निर्माणाधिन कार्यालय भवन निर्माणको ठेक्का पाएको सातविसे कन्स्ट्रक्सनले निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेकोले म्याद थप गरिएको मिति २०७९।०६।३१ गते सम्म पनि उक्त भवनको काम सम्पन्न हुन नसक्ने भएकोले म्याद थप गरिपाउँ भनि मिति २०७९।०६।०८ गते सातविसे कन्सट्रक्सन बाट निवेदन प्राप्त भएकोले म्याद समाप्त भएको मिति २०७९।०६।३१ बाट बढिमा ६ (छ) महिना अर्थात २०७९ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस विहादी गाउँपालिकाको ११ औं गाउँसभा बैठक (हिउँदे अधिवेसन) मिति २०७९ माघ १० गते मंगलबार गर्ने निर्णय गरियो । साथै ११ औं गाउँसभा बैठकको तयारीका लागि २०७९ माघ ४ गते कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** यस विहादी गाउँ कार्यपालिकाको मिति २०७९ भाद्र २२ गतेको बैठकको निर्णय नं. ५ बमोजिम ईन्जिनियरिङ सेवाका प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धमा निर्माण गरिएको "विहादी गाउँपालिका पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा कार्यरत प्राविधिकहरुकको फिल्ड भत्ता र अन्य सुविधा सम्बन्धी कार्यविधि, २०७९" स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँपालिकाको विपद् राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५ मा व्यवस्था भएको राहतलाई तपसिल अनुसार संधोधन गर्ने निर्णय गरियो ।

तपसिल :

क) विपद् मा परि व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु ५००००।– का दरले मृतक परिवारलाई सहयोग गर्ने निर्णय गरियो ।

ख) वसि राखेको घर आगालागिबाट पूर्ण रुपमा नष्ट भएमा आवश्यक व्यवस्था गर्नको लागि रु २००००।–

ग) वसि राखेको घर बाढी पहिरो तथा अन्य विपत्तिवाट पूर्ण रुपमा नष्ट भएमा आवश्यक व्यवस्था गर्नको लागि रु २००००।– तथा आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु १००००।– तथा गोठ आगलागिबाट पुर्ण नष्ट भएमा रु ८०००।– अन्य कारणबाट गोठ पुर्ण नष्ट भएमा रु ८०००।– प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

घ) विपद्को घटनामा परि घाईतेहरुलाई सरकारी अस्पतालबाट उपचार गरि घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ५०००।– यातायात खर्च दिईनेछ ।

ङ) रोग लागि अति विपन्नताको कारणले उपचार गर्न जान नसक्नेलाई राहत स्वरुप रु ५०००।– सहयोग उपलब्ध गराउने ।

च) विपद्को कारणले पशु चौपाय मरेमा प्रति माउ भैसी रु ७०००।– प्रति गाई गोरु रु ५०००।- प्रति माउ बाख्रा, बंगुर रु ५०००।– प्रति पाठा पाठी, पाडा पाडी, बाच्छा बाच्छी रु ३०००।– उपलब्ध गराउने ।

**निर्णय नं. ५ :** यस विहादी गाउँपालिकाको संचित कोषमा रकम संचित रहेको र मिति २०७९ माघ १० गते मंगलबार हुन गईरहेको ११ औं गाउँसभा बैठकबाट वडाको एउटा योजना छनौट हुने गरि चालु आ.व. २०७९।८० मा योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि ६ वटै वडाले एक / एक वटा योजना / कार्यक्रम छनौट गरि गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** गण्डकी प्रदेश सरकारको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को परिच्छेद ३ को दफा ९ (१) अनुसार यस विहादी गाउँ कार्यापालिकाको कार्यालयमा कार्यरत लेखा अधिकृत (अधिकृत स्तर छैटौं) पदमा कार्यरत श्री अर्जुन रिजालले तह मिलान गरिपाउँ भनि दिएको निवेदन अनुसार अध्यादेश लागु भएको मिति २०७९ असोज ७ गतेदेखि ज्येष्ठता कायम रहने गरि अधिकृतस्तर सातौ तहमा तह कायम गर्ने निर्णय गरियो ।

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ : विविध**

क) श्री बालज्योती प्रा वि विहादी ६ शालिग्रामको पहिरो नियन्त्रणको लागि माग भई आएकोले विपद् व्यवस्थापन कोष बाट भूक्तानी भएको रकम रु ६७०००।– अनुमोदन गर्ने निर्णय गरियो ।

ख) यस विहादी गाउँपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको करार म्याद समाप्त भएकाले स्वास्थ्य सेवाका अ.न.मी. कर्मचारीहरुको २०७९ असोज देखि पौष मसान्त सम्म काम गरको अवधि लाई स्वयमसेवकको सेवा मानी तलव भत्ता नदिने गरि म्याद समाप्त भएको मिति देखि लागु हुने गरि २०७९ पौष मसान्त सम्म बढीमा ६ महिना म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कर्मचारीको नाम थर | पद | म्याद समाप्त भएको मिति | म्याद थप गर्ने समय |
|---|---|---|---|---|
| १ | सिन्धु हमाल | अ.न.मी | २०७९।०३।३२ | २०७९ पौष मसान्त सम्म |
| २ | अन्जु भुसाल | अ.न.मी | २०७९।०३।३२ | |
| ३ | अञ्जली क्षेत्री | अ.न.मी | २०७९।०३।३२ | |
| ४ | प्रतिमा छन्त्याल | पशु सेवा प्राविधिक | २०७९।०६।३१ | |
| ६ | मदन कुमार सोनी | हे.अ. | २०७९।०६।३१ | |

ग) यस विहादी गाउँपालिकाको प्रशासनिक भवन वरिपरिको जग्गा व्यवस्थापन गर्नको लागि निम्नानुसार ३ सदस्यीय जग्गा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद भुसाल संयोजक
गणेश प्रसाद पराजुली सदस्य
सविता गुरुङ सदस्य

घ) विहादी गाउँपालिका ५ नं वडा उरामपोखरा को सिब्दीखोला बगर कल्भर्ट निर्माण गर्नको लागि सम्बन्धित निकायमा माग गरि पठाउने निर्णय गरियो ।

**<u>मिति २०७९।०९।२२ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित</u>**

चुर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७९।०९।२२

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महाकोटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत